नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

# छिमेकी राष्ट्र चीनको हुवेइ प्रान्तबाट नेपाल ल्याइने नेपाली नागरिकहरूका अभिभावकहरू एवम् परिवारका सदस्यहरूका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अपिल

छिमेकी राष्ट्र चीनको हुवेइ प्रान्त स्थित उहान सहरबाट सुरु भएको कोभिड-१९(CoVID-19)स्वास्थ्य समस्याको कारण उत्पन्न भएको परिस्थितिमा प्रभावित स्थलमा रहेका नेपाली नागरिकहरूलाई नेपाल फिर्ता ल्याउने कार्यको लागि विश्व स्वास्थ्य संगठन(WHO) ले तोकेको सम्पूर्ण मापदण्ड एवम् अन्तर्राष्ट्रिय स्वास्थ्य नियम (International Health Regulation-2005) ले तोकेको प्रावधान अनुरूप क्वारेन्टाइन(Quarantine)व्यवस्थापनको सम्पूर्ण तयारी नेपाल सरकारले पूरा गरिसकेको छ । नेपाल ल्याउने तयारीमा रहेका नेपाली नागरिकहरूको स्वास्थ्य परीक्षण गरी कुनै प्रकारको स्वास्थ्य समस्या नरहेको अवस्थामा मात्र नेपाल आउने यात्रा अनुमति पाइनेछ ।

मिति २०७६/११/०३ गते राष्ट्रिय ध्वजावाहक विमानमार्फत नेपाल ल्याइने सम्पूर्ण नेपाली नागरिकहरू कोभिड-१९(CoVID-19) रोगको लक्षणरहित भएपनि यात्राको क्रममा देखिन सक्ने कुनै पनि स्वास्थ्य समस्याको व्यवस्थापनका लागि नेपाली सेनाको चिकित्सक सहितको स्वास्थ्यकर्मीहरूको टोलीको निगरानीमा ल्याउने प्रवन्ध मिलाइएको छ । क्वारेन्टाइनस्थलमा कम्तीमा १४ दिनसम्म स्वास्थ्यकर्मीहरूको २४ सै घण्टा निगरानीमा राखिने र संकास्पद रोगको लक्षण देखिएमा तुरुन्त उपचारका लागि अस्पतालसम्म लैजान २४ सै घण्टा एम्बुलेन्सको व्यवस्था गरिएको छ । क्वारेन्टाइनस्थलमा १४ दिनसम्मको निगरानीमा रहँदा कुनै लक्षण देखिएमा वा प्रयोगशाला परीक्षणको प्रतिवेदन पोजिटिभ (Test Report- Positive) आएमा तोकिएको अस्पतालमा उपचारको लागि पठाइने व्यवस्था मिलाइएको छ ।

सुरक्षा सम्वेदनशीलता एवम् उच्च स्वास्थ्य जोखिमको कारणले गर्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र खरिपाटीस्थित क्वारेन्टाइन स्थलमा समेत परिवारका सदस्यहरूलाई भेट्ने प्रबन्ध नगरिएकाले उक्त स्थानहरूमा भेटघाटको प्रयास नगरिदिनुहुन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अपिल गर्दछ ।

चीनबाट नेपाल ल्याउन लागिएका नेपाली नागरिकहरु कोभिड-१९(CoVID-19) बाट संक्रमित भएका व्यक्तिहरू नभई स्वस्थ व्यक्तिहरू भएको तथा क्वारेन्टाइन स्थलमा रोग प्रसार हुन सक्ने सम्भावित तरिकाको रोकथामका लागि सम्पूर्ण सावधानीहरू अवलम्बन गरिएकाले क्वारेन्टाइनस्थल वरपरको समुदायका बासिन्दाहरूमा सम्भावित सङ्क्रमणको बारेमा भयभित नहुन र सम्पूर्ण नेपाली समुदायको बीचमा सदा झैं आपसी सद्भाव एवम् भाइचाराको भावना अनुरूपको संयमित व्यवहार गरिदिनुहुन समेत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अपिल गर्दछ ।

क्वारेन्टाइन कार्यलाई व्यवस्थापन गर्ने कार्यमा जिम्मेवार र सद्भावपूर्ण योगदान गर्नुहुने सम्पूर्ण निकाय एवम् महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

मितिः २०७६/११/०२

..................

महेन्द्र प्रसाद श्रेष्ठ

प्रवक्ता

Scanned by CamScanner